निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL




## निर्वाचन कार्यक्रमका लागि नागरिक शिक्षा प्रवर्द्धन स्रोत पुस्तिका

# मतदाता नामावलीमा नाम दर्ता

रातो रङ्गको - सबै भन्दा सजिलो
प्याजी रङ्गको - ठिकै (सजिलै)
निलो रङ्गको - अलि गाह्रो

यो किताब प्याजी तहको हो ।

<u>यो तहमा भएका किताबहरू :</u>

- निर्वाचनको महत्व
- मतदानको महत्व
- मतदाता नामावलीमा नाम दर्ता
- निर्वाचन र राजनीतिक दल
- समावेशी निर्वाचन र परिवर्तन
- निर्वाचन सम्वन्धी संवैधानिक व्यवस्था

**निर्वाचन कार्यक्रमका लागि नागरिक शिक्षा प्रवर्द्धन स्रोत पुस्तिका**

# मतदाता नामावलीमा नाम दर्ता

**प्रकाशक**

निर्वाचन आयोग, नेपाल, कान्तिपथ, काठमाण्डौ, नेपाल
फोन नं. :(९७७ -१) - ४२२८६६३/४२२५५८०

फ्याक्स: (९७७ -१) - ४२२९२२७/४२२५५८०

इमेल: info@election.gov.np

वेबसाइट : www.election.gov.np

© निर्वाचन आयोग, नेपाल

सर्वाधिकार सुरक्षित

प्रथम संस्करण : वि.सं. २०७६

ISBN: ९७८९९३७-७३८-१३-२

# विषय सूची


| विषय | पेज |
| --- | --- |
| मतदाता नामावलीमा नाम दर्ता | १ |
| छलफलका लागि प्रश्नहरू | २३ |

# मतदाता नामावलीमा नाम दर्ता

"इन्दिरा दिदी ! तपाई कताबाट झर्दै हुनुहुन्छ त ?"-रुपाले सोधिन् ।

"जिल्ला निर्वाचन कार्यालयमा मतदाता नामावलीमा नाम दर्ता गराएर आएको ।"-इन्दिराले भनिन् ।

"नामदर्ता भएको थिएन र तपाईको ? आश्चर्य मान्दै रुपाले सोधिन् ।

कहाँ हुनु नी नानी ! यस अघिको चुनावमा त भोट हाल्नै पाइन ।"-इन्दिराले दुःखी हुँदै भनिन् ।



“ए, त्यसो पो हो ! काम सकेरै आउनु भएको होला नी त !” रुपाले जिज्ञासा राखिन् ।

“सकेरै आएको हो । धेरै समय पनि लाग्दो रहेनछ । फारम भर्न मेसो पाइन । उनीहरूले सोधेको कुरा सबै भनें । आफ्नो नागरिकताको प्रमाणपत्र पनि साथै लिएर जानु पर्ने रहेछ ।

औंठा छाप त कागजमा लगाउने होइन, कम्प्युटरमा लगाउनु पर्ने रहेछ त्यो कप्युटरमा देखिंदोरहेछ । फोटो पनि त्यहीँ कम्प्युटरवाट नै खिच्दोरहेछ । चाँडैनै गएको थिएँ । मानिसहरू भर्खर जम्मा हुँदै थिए । मेरो काम त छिटै नै सकियो ।



ए ! दिदी बहिनी पनि जम्मा हुनु भएको  रहेछ । ल है म त गएँ ।" इन्दिरा आफ्ना कुरा भन्दै ओरालो लाग्नुभयो ।

"ल ल भाउजु ! राम्रोसँग जानु होला !" "सामुदायीक संस्थामा आज देखि जिल्ला निर्वाचन कार्यालयले नाम दर्ता र अध्यावधिक गर्ने भनेर तीन दिने कार्यक्रम राखेको छ । त्यही कार्यक्रमको प्रचारका लागि हामी छलफल गर्दैछौं । इन्दिरा दिदीले त पहिलो दिन बिहानै गएर काम सकाउनु भएछ ।" कुरा सुनिरहेकी कोपिलाले भनिन् ।




“अब हामी नै ढिलो भयौं भन्नुपऱ्यो नि ! तर, समय छ । आज हामीले गाउँमा पुगेर घरघर खबर गर्नुपर्छ । अझ दुई दिन त छ नि । कसैले मेरो नाम छुटेछ, थाहा पाइन भन्ने गुनासो नआओस है ।” सबैलाई संझाउँदै रुपाले भनिन् ।

**“रुपा दिदी ! आफ्नो अधिकारको कुराका लागि त मानिस आफैं जाग्नु पर्ने होइन र भनेको ?”** सहनसिलाले असन्तुष्टि व्यक्त गरिन् ।







"अझै पनि हाम्रो समुदायमा थुप्रै मानिसहरू किन भोट हाल्ने ? भोट हालेर कसले के पाउँछ ? कति पैसा पाइन्छ र ? भन्ने जस्ता कुरा गर्ने मानीसहरु अझै छन् । कुनै पनि नागरिकलाई शासन प्रकृया समावेश गर्ने पहिलो आधार भनेकै मतदाता नामावलीमा नाम समावेश गराउनु हो । घरघरमा गएर यो अभियान चलाउने रुपाको कुरा एकदम ठीक छ ।" -सुनिता मिसले कुरा थप्नुभयो ।



“अब ढिला गर्नुहुँदैन । यसबारे केही बुझेर अब तुरुन्तै हामी आफ्नो जिम्माको समुदाय तिर हिंडिहालौं । जति सकिन्छ आजैका लागि छुट भएकाहरुको नाम दर्ता गर्न पठाउँ । नभए भोलि र पर्सी भने पनि जाने व्यवस्था मिलाउँ ।”-कोपिलाले भनिन् ।

रुपाले भनिन-“हामी सबैले के बुझ्नु पर्छ भने- यसपटक **नाम दर्ता मात्र होइन नाम अध्यावधिक पनि गरिने हो । बसाइ सराई गरी आएका रहेछन् भने पनि उनीहरूलाई बसाई सराइको कागजात सहित**

**आउन भन्नुपर्छ । नाम दर्ताको लागि नागरिकता अनिवार्य चाहिन्छ । मतदाताहरू मृत्यु भएका छन् भने तिनका नाम हटाउनु पर्छ ।"** रुपाले सबैलाई जानकारी गराइन् ।




**"मतदाता हुन के चाहिन्छ नि रुपा ?"** -सानुमायाँ काकीले प्रश्न गर्नुभयो ।

"मतदाता हुन मतदाता नामावलीमा नामदर्ता गर्नु पर्दछ । मतदाताहरु जति चेतनशील हुन्छन् निर्वाचन त्यतिनै निष्पक्ष हुन्छ । निष्पक्ष निर्वाचनले लोकतन्त्रलाई बलियो बनाउँदछ ।"

**"मतदाता नामावलीमा नाम दर्ता गर्न के गर्नु पर्छ त रुपा नानी !"** सीता भाउजुले भन्नुभयो ।

"अब हामी सबैले घरघरमा गएर ज-जसको मतदाता नामावलीमा नाम दर्ता भएको छैन उनीहरूलाई भेट्नु पर्छ र मतदाता नामावलीमा आफ्नो नाम दर्ता गर्न लगाउनु पर्छ ।"




**"मतदाता नामावलीमा नाम दर्ता नभए के हुन्छ नि रुपा नानी ?"** सपना दिदीले सोध्नुभयो ।

"ल दिदी ! **मतदाता नामावलीमा नाम दर्ता नभए मतदान गर्न पाउँदैन । मतदाता नामावली भनेको त भोट दिन पाउने पहिलो सर्त हो ।** त्यति मात्र कहाँ

हो र ? मतदाता नामावलीमा नाम दर्ता भएपछि चुनावमा उठ्न पाउने अधिकार पनि हुन्छ । हामीले भोट दिएर चुनिने व्यक्ति पनि मतदाता भए मात्र चुनिन पाउँछ ।”

**“रुपा तिमीले त राम्रा कुरा गऱ्यौ । भन त यो मतदाता दर्ता कुन कुन तरिकाबाट गरिन्छ ?”** -उजेली काकीले भन्नुभयो ।

“काकीले राम्रो कुरा उठाउनु भयो । मतदाता दर्ता तीन तरिकाबाट गर्न सकिने व्यवस्था छ । पहिलोलाई आवधिक, दोस्रो निरन्तर र तेस्रो नागरिक दर्ता प्रक्रिया हो ।”



**“रुपा, मैले त बुझिन नि ! निरन्तर दर्ता भनेको के हो त ?”** -शंभू काकाले भन्नुभयो ।

“कुनै निश्चित अवधि नतोकिएको एवं कार्यालय समयमा वर्षैभरी चलिरहने दर्ता प्रक्रिया निरन्तर दर्ता हो । **१६ वर्ष उमेर पुगेका र नागरिकता प्राप्त गरेका व्यक्तिले जहिले पनि मतदाता नामावलीमा आफ्नो नामदर्ता गर्न सक्छन् ।** अहिले नेपालमा यही प्रक्रिया सञ्चालनमा रहेको छ । **जिल्ला निर्वाचन कार्यालय, जिल्ला प्रशासन कार्यालय र तोकिएको इलाका प्रशासन कार्यालयहरुमा निरन्तर नाम दर्ताको व्यवस्था गरिएको छ ।**

**मतदाता नामावलीमा नाम दर्ता भएको व्यक्ति १८ वर्ष उमेर पुगेपछि मतदान गर्न योग्य हुन्छ र मतदान गर्न पाउंछ ।”**

विनिताले भन्नुभयो-“मिस मैले मेरो छोरालाई नागरिकता बनाउन जिल्ला प्रशासन कार्यालयमा लगें । नागरिकता बनेपछि नागरिकताको खोल लिन एउटा कोठामा जानु भनेकोले म त्यहाँ गएँ । त्यहाँ त मतदाता नामावलीमा नाम दर्ता गर्ने गरिएको रहेछ । मैले पनि छोराको नाम दर्ता गराएर आएको मिस ।”

निरन्तर दर्ताको बारे त बुझें ! अनि यो नागरिक दर्ता चाहिं कस्तो हुन्छ रुपा ?




“कुनै व्यक्तिको जन्म भए पश्चात स्थानीय तहको वडा कार्यालयमा स्थानीय पञ्जिकाधिकारीबाट जन्म दर्ता गरिन्छ । यसरी जन्म दर्ता विवरणको आधारमा तोकिएको उमेर पुरा भएपछि नागरिकताको प्रमाणपत्र प्राप्त हुन्छ र सो विवरणबाट मतदाता नामावलीमा नाम दर्ता गरिन्छ । स्थानीय पञ्जिकाधिकारीबाट विवाह, बसाइ सराइ लगायतका गतिविधि नियमित रुपमा दर्ता गराउनु पर्छ ।”-रुपाले सबिस्तार बताइन् ।

"सपना भाउजुले भन्नुभयो- ए नानी ! मतदाता नामावलीमा त घरपरिवारको समेत सबै विवरण भर्न पर्दोरहेछ । यो विवरण कतै दुरुपयोग त हुँदैन । **यो कति सुरक्षित र गोप्य हुन्छ त ?"**

"ल भाउजु पनि..। निर्वाचन आयोगले संकलन गरेको विवरण त सरकारी विवरण पो हो । त्यसैले यो त सुरक्षित हुन्छ । ढुक्क हुनोस । कुनै पनि कर्मचारीलाई यो विवरण दुरुपयोग गर्न नदिने व्यवस्था गरिएको हुन्छ ।"




**“कसैले दुरुपयोग गऱ्यो भने के गर्ने नि रुपा नानी ?”** सनिसरी दिदीले भन्नुभयो ।

**“निर्वाचन आयोगले मतदाता नामावलीमा सङ्कलन गरिएका विवरणहरू कुनै कर्मचारीले सार्वजनिक गर्न पाउँदैन ।** प्रकाशित गरेमा वा कुनै प्रयोजनका लागि दुरुपयोग गरेको पाइएमा उसलाई सजाय हुने व्यवस्था छ ।”

**“कस्तो सजाय हुन्छ त नानी ?”** भाउजुले फेरि प्रश्न गर्नुभयो ।

“मतदाताका नाम, फोटो विवरण जानीजानी दुरुपयोग गरेमा वा **अनावश्यक प्रकाशन गरेमा सो कर्मचारीलाई दशहजार जरिवाना र एक महिनासम्म कैद हुने कानुनी व्यवस्था छ ।”**


“त्यति मात्र होइन दिदी ! यस्तो मतदाता नामावली आयोगले सरकारलाई पनि उपलब्ध गराउन सक्छ । त्यो अवस्थामा कुनै सरकारी कर्मचारीले पनि सो नामावली प्रकाशन गरे वा दुरुपयोग गरेमा पनि सोही अनुसार कानुनी कारवाही गरिने व्यवस्था छ ।”



**"रुपा, तिमी त धेरैवटा चुनावमा सहभागी भयौ, भन त ! फोटो सहितको मतदाता नामावलीका कारण चुनावमा कस्तो प्रभाव परेको छ त ?"** रुकिला काकीले भन्नुभयो ।

"कति महत्वपूर्ण कुरा उठाउनु भयो काकीले त ! मतदाता नामावलीमा फोटो र विवरण समेत भएका कारण मतदाता पहिचान गर्न सजिलो भएको छ । काम छिटो र छरितो हुन पुगेको छ । तोकिएको समय भित्र नै  मतदान कार्य सम्पन्न भएको छ । निर्वाचन विश्वसनीय बन्न पुगेको छ । मतदाता, पत्रकार,

पर्यवेक्षक, मतदान कर्मचारी साथै दलका प्रतिनिधिहरूले पनि यस पद्धतिलाई स्वीकारेको र प्रशंसा गरेको अवस्था छ ।




**मतदाता नामावली भनेको के हो र रुपा !** - सुसिला काकीले भन्नुभयो ।

“मतदाता नामावली भनेको योग्य मतदाताहरूको नाम सहितको विवरण हो नि काकी ! मतदाता नामावली निर्वाचन आयोगद्वारा  चेक जाँच तथा रुजु गरी स्वीकृत गरिएको हुन्छ। मतदाता नामावलीमा मतदाताको नाम तथा अन्य व्यक्तिगत विवरण समेत रहेको हुन्छ ।”

“योग्य मतदाता कसरी छानिन्छ, रुपा बहिनी ?” -पशुपति दाईले सोध्नुभयो ।

“व्यक्तिले मतदाता नामावलीमा नाम दर्ता गर्न पाउने आधारहरू कानुनले तोकेको छ । सो अनुसारका आधारहरु पुरा भएका तथा पुगेका व्यक्तिले मतदाता नामावलीमा नाम दर्ता गराएपछि आयोगद्वारा स्वीकृत गरिएको मतदाता नामावलीमा नाम भएको मतदातालाई योग्य मतदाता भनिन्छ ।”

**“ए ! त्यसो भए मतदाता नामावलीमा नाम दर्ता गर्न के के प्रावधान छन् त कानुनमा ?”** बताइदेउन त !

“पशुपति दाइले उठाउनु भएको कुरा सबैले बुझ्न आवश्यक छ भन्दै रुपाले भनिन्- मतदाता नामावलीमा नाम दर्ता गर्ने पहिलो योग्यता भनेकै नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको व्यक्ति हुनु हो । अर्को महत्वपूर्ण कुरा उमेरको आउँछ । त्यसको साथै नाम दर्ता हुन सम्बन्धित क्षेत्रमा बसोबास गरेको व्यक्ति पनि हुनुपर्छ । नागरिकता प्रमाणपत्रमा भएको ठेगाना र हाल आफु बसोबास गरिरहेको ठेगानामा

फरक देखिएमा हाल बसोबास गरिरहेको ठेगाना भएको स्थानमा मतदाता नामावलीमा नाम दर्ता हुनेछ ।"




"फोटोसहितको मतदाता नामावली दर्ता कार्य सार्वजनिक बिदाका दिन बाहेक जिल्ला निर्वाचन कार्यालयमा निरन्तर भइहेको हुन्छ । निर्वाचनका बेला भने केही समय बन्द हुन्छ ।" रुपाले भनिन् ।

थप कुरा के राखौं भने-"मतदाता नामावलीमा सम्बन्धित व्यक्तिको फोटो राख्ने व्यवस्था गरिएको छ । यसले मतदातालाई पहिचान गर्न सजिलो र

भरपर्दो बनाएको छ । पहिला मतदान गर्न योग्य मतदाताको पहिचान हुन्छ । पहिचान भएका मतदाताको मात्र नामावलीमा नाम दर्ता गरिन्छ। त्यसरी आयोगले पहिचान गरेका व्यक्तिहरू मत दिनका लागि योग्य मानिन्छन् । ती व्यक्तिहरूलाई नै मतदाता शिक्षा दिइन्छ ।"

**"मतदाता नामावलीले निर्वाचन आयोगलाई के फाइदा हुन्छ त ?"**

"पहिलो त आयोगलाई निष्पक्ष रुपमा कार्य गर्न सहयोग पुऱ्याएको छ। यसले आयोगको विश्वसनियता बढाएको छ। आयोगलाई पनि निर्वाचन व्यवस्थापन योजना बनाउन सजिलो भएकोछ । मतदान कार्यक्रम कार्यान्वयन गर्न पनि फोटो सहितको मतदाता नामावलीले सरल र सहज वनाएको छ ।"




**“मतदाता नामावली दर्ता हुँदैछ भनेर कसरी थाहा पाउने त मिस ?”**

“मतदाता नामावलीमा नाम दर्ताका काम जिल्ला निर्वाचन कार्यालय, जिल्ला प्रशासन कार्यालय र तोकिएका इलाका प्रशासन कार्यालयहरुमा निरन्तर दर्ता भैरहेको छ साथै समय समयमा निर्वाचन आयोगले फोटो र व्यक्तिगत विवरणसहित नाम दर्ता गर्न हुन भनी सार्वजनिक सूचना जारी पनि गर्दछ ।”

**“मतदाता नामावलीमा आफ्नो फोटो र विवरण सहि नभएमा के गर्ने ?”**-हरिबाबुले सोध्नुभयो ।

“नामावलीमा रहेको कुनै विवरण सच्याउनु परे जिल्ला निर्वाचन कार्यालयमा निवेदन दिनु पर्छ । निवेदनको ढाँचा निर्वाचन आयोगले नै तयार गरेको हुन्छ । निवेदनको आधारमा निर्वाचन आयोगले मतदाताको विवरण सच्याई दिने व्यवस्था छ । ”

**“एउटा ठेगानामा कायम भएको मतदाता नामावलीलाई अर्को ठेगाना कायम गर्नु परेमा के गर्ने रुपा दिदी ?”** -रमेशले प्रश्न गरे ।

“पहिला सम्बन्धित जिल्ला निर्वाचन कार्यालयमा निवेदन दिनुपर्छ । निवेदनको ढाँचा सोही निर्वाचन कार्यालयमा पाइन्छ । निवेदन दिएपछि निर्वाचन कार्यालयले ठेगाना कायम गर्दछ । आफ्नो विवरण समावेश भए नभएको यकिन पनि गर्नुपर्छ ।”




र, अन्तमा-

छलफल लामै भयो । काम धेरै छ । छलफल हामीले आज गर्ने कामको सिलसिलामा नै केन्द्रित रह्यो । अब हामीले गाउँमा गएर के भन्ने त ? कसैले मतदाता नामावलीमा नाम दर्ताका विषयमा केही सोधिहाले भने पनि भन्न सकने भएका छौं । यो हाम्रो लागि ठूलो र राम्रो उपलब्धि हो । संस्थाकी परिचालक (सहजकर्ता) रुपाले हामीलाई सहजरुपले मतदाता दर्ताका बारेमा

बताइदिनु भयो । उहाँलाई धन्यवाद दिन्छु । अब हामी सबै आफ्नो समुदायमा जाऔं भन्दै स्थानीय महिला जनप्रतिनिधि कोपिलाले सबैलाई अनुरोध गर्नुभयो । सबै आफ्नो समुदाय तिर लागे ।

## छलफलका लागि प्रश्नहरू

१. इन्दिरा दिदीले पहिलाको चुनावमा किन मतदान गर्न पाउनु भएन ?

२. मतदाता नामावलीमा नाम दर्ता गर्न किन जरुरी हुन्छ ?

३. नागरिकलाई शासन प्रकृयाको मूलधारमा समावेश गर्ने पहिलो आधार भनेको के हो ?

४. मतदाता नामावलीमा नाम दर्ता कुन कुन तरिकाबाट गरिन्छ ?

५. निरन्तर दर्ता भनेको के हो ?

६. विनिताले आफ्नो छोरालाई नागरिकता बनाउन जिल्ला प्रशासन कार्यालयमा लग्दा के भयो ?

७. मतदाता नामावलीमा सङ्कलन गरिएका विवरणहरू कुनै कर्मचारीले दुरुपयोग गरेमा के कस्तो सजायको व्यवस्था छ ?

८. फोटो सहितको मतदाता नामावलीका कारण चुनावमा कस्तो प्रभाव परेको छ ?

९. मतदाता नामावलीमा नाम दर्ता गर्न पाउने आधारहरू के के हुन् ?

१०. मतदाता नामावलीले आयोगलाई के फाइदा हुन्छ ?

११. नामावलीमा रहेको विवरण सच्याउनु परे के गर्नुपर्छ ?

# मतपत्रमा छाप कसरी लगाउने ?

मतपत्रमा स्वस्तिक छाप लगाउनु पर्दछ । औंठाको छाप वा अन्य किसिमको सङ्केतहरू गर्नु हुँदैन ।

स्वस्तिक छाप लगाउँदा आफूले चाहेको दल वा उम्मेदवारको निर्वाचन चिन्ह भएको कोठा भित्र स्पष्ट रूपमा देखिने गरी र अन्य चिन्हमा नपर्ने गरी छाप लगाउनु पर्दछ ।




# मत कसरी बदर हुन्छ ?


कोठा बाहिर छाप लगाएमा


दुइओटा चिन्हका बीचमा छाप लगाएमा


स्वस्तिक छापको सट्टा औंठाछाप वा अन्य छाप वा सङ्केत प्रयोग गरेमा



एउटा मतपत्रमा एकभन्दा बढी चिन्हमा छाप लगाएमा


चिन्ह नबुझिने गरी छाप लगाएमा


मतदान अधिकृतको सहि नभएको मतपत्र प्रयोग गरेमा

मतदान गर्दा राम्ररी ध्यान नदिए हाम्रो अमूल्य मत बदर हुन सक्छ

# फोटो सहितको मतदाता नामावलीमा नाम दर्ता गर्न निम्न शर्तहरू अवश्य पूरा गर्नुपर्दछ




क) नेपाली नागरिक भएको हुनुपर्छ ।

ख) १६ वर्ष उमेर पूरा गरी नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको व्यक्ति हुनुपर्दछ ।

ग) कुनै निर्वाचन क्षेत्रभित्रको गाउँपालिका वा नगरपालिकामा स्थायी बसोबास गरेको हुनुपर्दछ ।

घ) सक्कल नागरिकता लिएर जानु पर्दछ, व्यक्ति पनि आफै उपस्थित हुनु पर्दछ ।

ङ) जिल्ला निर्वाचन कार्यालय, जिल्ला प्रशासन कार्यालय र इलाका प्रशासन कार्यालयमा पनि मतदाता नामावली दर्ताको काम हुन्छ ।

# सहयोगी

ESP is supported by

यो पुस्तक युरोपियन युनियन र युएनडीपीको आर्थिक सहयोगमा प्रकाशन गरिएको हो । यस पुस्तकमा उल्लेखित विषयहरुले दातृमुलुक तथा दातृनिकायहरुको प्रतिनिधित्व गर्दैनन् ।